गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय बागलुङ**
नेपाल

# मासिक जनस्वास्थ्य बुलेटिन

वर्षः २ | अंकः १७ | महिनाः १७ | जेठ २०८१

## महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको पुनर्ताजगी तालिम सञ्चालन

स्वास्थ्य कार्यालय बागलुङको आयोजना तथा काठेखोला गाउँपालिकाको समन्वयमा मिति २०८१/०२/०४ देखि ०७ गते सम्म काठेखोलामा महिला सामुदयिक स्वास्थ्य स्वयम सेविकाहरुको लागि ४ दिने पुनर्ताजगी तालिम समपन्न भएको छ । तालिममा काठेखोला गाउँपालिका अन्तर्गतका २० जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सहभागिता रहेको छ। समापन कार्यक्रममा स्वास्थ्य कार्यलय प्रमुख जनस्वास्थ्य प्रशासक बाबुराम आचार्य, काठेखोला गाउपालिका उपाध्यक्ष श्री तेज ब थापा लगायतका ब्यक्तित्वहरुको बिशेष उपस्थिति रहेको थियो।

ताराखोला गाउँपालिकाको समन्वयमा मिति २०८१/०२/०७ देखि ताराखोलामा संचालित महिला सामुदयिक स्वास्थ्य स्वयम सेविकाहरुको लागि ४ दिने पुनर्ताजगी तालिमको समापन गरिएको छ । तालिममा ताराखोला गाउपालिका अन्तर्गतका २२ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सहभागिता रहेको थियो।

गलकोट नगरपालिकाको समन्वयमा मिति २०८१/२/१८ देखि संचालन भएको महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको पुनर्ताजगी तालिम ३ ब्याच सम्पन्न भएको छ । तालिममा गलकोट नगरपालिका अन्तर्गतका विभिन्न वार्डका कुल ९१ जना म.स्वा.स्व.से को सहभागिता रहेको थियो । तालिमको सहजीकरण ज.स्वा.अ. सुशील पौडेल, प.हे.न.नि सीमा कुँवर, अ.न.नि रिमा बोसेल, ज.स्वा.नि. मीरा शर्मा तथा अनिता कार्की लगायतका प्रशिक्षकहरुद्वारा गरिएको थियो । तालिमको समापन सत्रमा सहभागीहरुलाई प्रमाण पत्र प्रदान गरिनुका साथै दीर्घकालीन सेवाका लागि गलकोट नगरपालिका अन्तर्गतका दुइ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मानजनक बिदाइ गरिएको थियो ।

ढोरपाटन नगरपालिकाको समन्वयमा मिति २०८१/२/१८ देखि संचालन भएको महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको पुनर्ताजगी तालिम सम्पन्न भएको छ । तालिममा ढोरपाटन नगरपालिका अन्तर्गतका विभिन्न वार्डका २२ जना म.स्वा.स्व.से को सहभागिता रहेको थियो| तालिमको सहजीकरण अ.न.नी पार्वती अर्याल , ज.स्वा.नि. भूमिका मगर , सी.अ.न.मि. मन कुमारी कुँवर तथा माधवी शर्मा र प्.हे.न.नि सिमा कुँवर लगायतका प्रशिक्षक हरुद्वारा गरिएको थियो|तालिमको समापन सत्रमा बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख डा. नविन्द्र ढकालले सहभागीहरुलाई प्रमाण पत्र प्रदान गरि कार्यक्रमका सम्बन्धमा आफ्नो भनाइ राखु भएको थियो| साथै दीर्घकालीन सेवाका लागि ढोरपाटन न/पा अन्तर्गतका तीन जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई सम्मानजनक बिदाइ गरिएको छ ।

सम्बन्धित पालिकाको समन्वयमा जिल्लाका तमानाखोला, निसिखोला र बडिगाड गाउँपालिकामा र गलकोट नगरपालिकामा संचालित महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको पुनर्ताजगी तालिमको समापन भएको छ | गाउँपालिका अन्तर्गतका बिभिन्न वार्डमा कार्यरत तमानाखोलामा २६ जना, निसिखोलामा ३० जना, बडिगाड गाउँपालिकामा २६ जना र गलकोट नगरपालिकामा ३२ जना म.स्वा.स्व.सेहरु तालिममा सहभागी भएका थिए ।

जैमिनि नगरपालिकाको समन्वयमा मिति २०८१/२/२६ देखि संचालन भएको महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको पुनर्ताजगी तालिम समापन भएको छ|तालिममा जैमिनि नगरपालिका अन्तर्गतका विभिन्न वडाका कुल २५ जना म.स्वा.स्व.से को सहभागिता रहेको थियो| तालिमको सहजीकरण ज.स्वा.नि. तीर्थ शर्मा, डिल ब. थापा तथा अ न नि सुनिता चालिसे लगायतका प्रशिक्षक हरुद्वारा गरिएको थियो । सहभागीहरुलाई प्रमाणपत्र प्रदान गरि तालिमको समापन भएको थियो।









## महिनावारी स्वच्छता दिवस मनाईयो

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा महिनावारी स्वच्छता दिवसको अवसरमा २०८१/२/१४ गते बागलुङको धवलागिरी बिरेन्द्र मा. वि.मा बिद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ| प्रमुख जिल्ला अधिकारी श्री नेत्र प्रसाद सुबेदीको प्रमुख आतिथ्यता, स्वास्थ्य कार्यालय बागलुङका नि. कार्यालय प्रमुख श्री घनश्याम सापकोटाको अध्यक्षता, बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष श्री राजन शर्मा, अनुसन्धान अधिकृत श्री जयन्द्र प्रसाद उपाध्याय लगायत बिद्यालय परिवार उपस्थिति रहेको कार्यक्रम विद्यालयका प्र.अ. श्री भूमिराज शर्मा गौतमको स्वागत र ज.स्वा.नि लक्ष्मी शर्माले संचालन गर्नु भएको थियो |हाजिरीजवाफ प्रतियोगिताको सहजीकरण बिद्यालयका स.प्र.अ केशब पौडेल र प.हे.न.नि सीमा कुँवरद्वारा भएको थियो| प्रतियोगितामा बिजयी विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।






## ANTISHOCK GARMENT को हस्तान्तरण तथा स्थलगत अभिमुखीकरण

बागलुङ जिल्लाको ताराखोला, गलकोट र ढोरपाटन नगरपालिकाको बुर्तिबांग प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत नर्सिङ कर्मचारीहरुलाई प्रसव पछाडी हुने अत्यधिक रक्तश्राव रोक्न प्रयोग गरिने ANTISHOCK GARMENT को हस्तान्तरण तथा स्थलगत अभिमुखीकरण सम्पन्न गरिएको छ ।





## एच आई भि एड्स सम्बन्धि लान्छना तथा भेदभाव सम्बन्धि अभिमुखिकरण सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा जनप्रतिनिधिहरुका लागि एच आई भि एड्स सम्बन्धि लान्छान तथा भेदभाव सम्बन्धि अभिमुखिकरण सम्पन्न भएको छ सो अबसरमा अध्यक्ष , वडाध्यक्ष र कार्यपालिका सदस्य तथा सन्चारकर्मि र स्वास्थ्यकर्मिहरुको उपस्थितिमा स्वास्थ्य कार्यालयका देव प्रकाश घिमिरेले सहजिकरण गर्नुभएको कार्यक्रममा संक्रमितहरुलाई गाउपालिकाले हरेक विषयमा सहयोग गर्ने गाउपालिका अध्यक्ष कृष्ण प्रसाद शर्माले प्रतिवद्दता राख्नु भएको कार्यक्रममको सन्चालन स्वास्थ्य शाखा प्रमुख पदम पुनले गर्नु भएको थियो।





## न्युनतम सेवा मापदण्ड (MSS) समिक्षा सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) सम्बन्धी २०८०/०८१ को समिक्षा सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालय प्रमुख बाबुराम आचार्य, स्वागत तथा उद्देश्य देव प्रकाश घिमिरेले गर्नु भएको कार्यक्रमको

सन्चालन घनश्याम सापकोटाले गर्नु भएको थियो। कार्यक्रममा पालिकाका स्वास्थ्य शाखाबाट प्रस्तुतीकरण गर्नु भएको थियो । यस कार्यक्रमलाई आगामी बर्ष पनि निरन्तरता दिनुका साथै अब Process indicator तर्फ लैजाने तथा सुदृढीकरण र परस्पर सिकाई भ्रमणलाइ समेत जोड दिने निर्णय गरियो। आगामी दिनमा स्वास्थ्य क्षेत्रलाई गुणस्तरिय बनाउदै लैजाने तथा साझेदार संस्था फेयरमेडले समेत यस कार्यक्रममा सहकार्य गर्ने कुरा छलफलको क्रममा भएको छ ।







## स्वास्थ्य सुचना व्यवस्थापन सम्वन्धि तालिम कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८१/०२/२३ देखि २५ गते सम्म डाटा इन्ट्रि गर्ने स्वास्थ्यकर्मीहरुको लागि३ दिनको HMIS, LMIS सम्वन्धि तालिम कार्यक्रम सम्पन्न भएको छ। जिल्लाका स्वास्थ्य संस्थाहरुमा कार्यरत २८ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको कार्यक्रमको उद्धाटन स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत घनश्याम सापकोटाको अध्यक्षतामा गलकोट नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, जनस्वास्थ्य अधिकृत सुशील पौडेल लगायतको आथित्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य कार्यालयका ज.स्वा. नि. लक्ष्मी शर्मा‍ले गर्नु भएको थियो भने स्वास्थ्य कार्यालय बागलुङका ज.स्वा. नि. लक्ष्मी शर्मा र गलकोट नगरपालिकाका जनस्वास्थ्य अधिकृत सुशील पौडेलले कार्यक्रमको सहजिकरण भएको थियो ।

यसैगरी स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा स्वास्थ्यकर्मिहरुका लागि IHMIS/DHIS2 सम्बन्धी तालिम ढोरपाटन नगरपालिका बुर्तिवाङमा सम्पन्न भएको छ। तालिममा चारवटा पालिकका २१ जना स्वास्थ्यकर्मिहरु सहभागि थिए।२०८१/०२/०२ देखि ४ गतेसम्म सन्चालित तालिममा गलकोट नगरपालिका जनस्वास्थ्य अधिकृत शुशिल पौडेल, स्वास्थ्य कार्यालयका तथ्याकं अधिकृत घनश्याम सपकोटा र देव प्रकाश घिमिरेले सहजिकरण गर्नु भएको थियो।











## आई.पि.भि. खोप अभियान २०८०/८१ सञ्चालन

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा यही मिति २०८१ साल जेठ १३ गतेदेखि संचालन भएको छ । यस अनुरुप यस बागलुङ जिल्लाका दश वटै स्थानीय तहका विभिन्न विद्यालय तथा स्वास्थ्य संस्थामा सञ्चालन गरिएको सो अभियानमा ३३९ जना तालिम प्राप्त स्वास्थ्यकर्मीले खोप सेवा प्रदान गरेका हुन् ।

पोलियो रोग विरुद्धको आई.पि.भी. खोप अभियान जेठ १३ गते देखि बागलुङ जिल्लामा संचालन भएको आई.पि.भी. खोप अभियान २०८०/८१ को शुभारम्भ कार्यक्रम सम्पन्न भएको छ । बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक श्री अमर बहादुर थापाज्यूको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रममा संयुक्त रुपमा अध्यक्ष श्री बसन्त कुमार श्रेष्ठ र प्रमुख अतिथि श्री अमर बहादुर थापा ज्यूले सेवाग्राहीलाई खोप कार्ड हस्तान्तरण गरी बागलुङ नगरपालिका वडा नं. २ को श्री रुद्रेपिपल माध्यामिक विधालयमा रहेको खोप केन्द्रबाट बागलुङ जिल्लामा पोलियो रोग विरुद्धको आई.पि.भी. खोप अभियानको शुभारम्भ गर्नुभएको छ । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका समन्वय अधिकारी, स्वास्थ्य कार्यालय बागलुङका निमित्त प्रमुख श्री घनश्याम सापकोटा, बागलुङ नगरपालिका वार्ड नं. २ का अध्यक्ष श्री सुरज बोसेल, श्री रुद्रेपिपल मा.वि. व्यवस्थापन समिति अध्यक्ष श्री कमल बोहोरा, प्रधानाध्यपक श्री राजेश श्रेष्ठ, प्रदेश स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत श्री टिकारम शर्मा, बागलुङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री राम प्रसाद खनाल लगायत सम्पूर्ण टिम, स्वास्थ्य कार्यालय बागलुङको सम्पूर्ण टिम लगायत सञ्चारकर्मी, शिक्षक, स्वास्थ्यकर्मी एवं अभिभावकहरु लगायत सरोकारवालाहरुको विशेष उपस्थिति रहेको थियो । शुभारम्भ कार्यक्रमको संचालन बागलुङ नगरपालिकाका खोप फोकल पर्सन श्री दिल्ली प्रसाद आचार्यले गर्नुभएको थियो भने कार्यक्रममा स्वागत एवं अभियानको उद्देश्यको बारेमा स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर श्री राजु खत्रीले जानकारी गराउनुभएको थियो ।

बागलुङ जिल्लामा सञ्चालनमा रहेको पोलियो रोग विरुद्धको आई.पि.भी खोप अभियानको जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला खोप समन्वय समितिका संयोजक श्री अमर बहादुर थापा, समन्वय अधिकारी श्री कृष्णराज गौतम र सवास्थ कार्यालय बागलुङका टिम एवं काठेखोला गाउँपालिकाका स्वास्थ्य संयोजक लगायतको संयुक्त टिमद्वारा काठेखोला गाउँपालिका वडा नं. ४ तंग्राम अन्तर्गत श्री धारा मा.वि. मा रहेको खोप केन्द्रको साथै तंग्राम स्वास्थ्य चौकीको अनुगमन गरको छ ।







## किटजन्य रोगहरू सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८१/०२/२० गते स्वास्थ्य कार्यालय बागलुङको आयोजना, काठेखोला गाउँपालिका र बिँहु आधारभुत स्वास्थ्य सेवा केन्द्रको समन्वयमा किटजन्य रोगहरूको अभिमुखिकरण/ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। बिँहु आधारभुत स्वास्थ्य सेवा केन्द्र अन्तर्गतका व्यावस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी, म.स्वा.से लगायत २१ जनाको सहभागिता रहेको कार्यक्रमको उद्धाटन सत्र बिँहु आधारभुत स्वास्थ्य सेवा केन्द्र व्यावस्थापन समितिका उपाअध्यक्ष श्री गितादेवी वि.कको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको सन्चालन बिँहु आधारभुत स्वास्थ्य सेवा केन्द्रकि सदस्य सचिव पवित्रा थापाले गर्नु भएको थियो भने काठेखोला गाउँपालिका स्वास्थ्य शाखा प्रमुख सोमराज पाण्डेय, स्वास्थ्य कार्यालय बागलुङकी मलेरिया ईन्स्पेक्टर कमला थापाले कार्यक्रमको सहजिकरण गर्नुभएको थियो ।




## केस बेस सर्भिलेन्स सम्पन्न

मिति २०८१/०२/३० गते स्वास्थ्य कार्यालय बागलुङको आयोजना, ढोरपाटन नगरपालिकाको र ढोरपाटन सामुदायिक स्वास्थ्य ईकाइको समन्वयमा कालाजार देखा परेको स्थान ढोरपाटन नगरपालिका वडा नं ९ छेन्तुङ मा केस बेस सर्भिलेन्स कार्यक्रम सम्पन्न भएको छ। जसमा कालाजार विरामीको परिवार र अन्य लाई गरि ३३ जनाको परिक्षणमा बिरामी वाहेक ३२ जनाको परिक्षण नेगेटिभ आएको थियो। यस कार्यक्रममा स्वास्थ्य कार्यालय बागलुङका कार्यालय प्रमुख बाबुराम आचार्य, बुर्तिबाङ प्र. स्वा.


केका डा. नविन्द्र ढकाल, स्वास्थ्य कार्यालय बागलुङबाट ज.स्वा. नि लक्ष्मी शर्मा, ल्या.टे.अ डिल्ली प्रसाद आचार्य, म.ई कमला थापा, ढोरपाटन सामुदायिक स्वास्थ्य ईकाइबाट सीता बुढा, म स्वा से मिना पुनको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो।






## कुष्ठरोग सम्बन्धि अभिमुखिकरण सम्पन्न


स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा र बरेङ गाउपालिका स्वास्थ्य शाखा, धुल्लुबास्कोट स्वास्थ्य चौकि, हुग्दिशिर स्वास्थ्य चौकि तथा गडेल सामुदायिक स्वास्थ्य ईकाईको प्राविधिक सहयोगमा मिति २०८१/०२/३१ गते बागलुङ जिल्ला बरेङ गाउँ पालिका वडा न ०१, गडेलमा कुष्ठरोग सम्बन्धि सरोकारवाला निकाय तथा समुदायलाई १ दिने अभिमुखिकरण सम्पन्न भएको छ । साथै उक्त स्थानमा घर घरमै पुगी खोज पड्ताल तथा Contact Tracing समेतको कार्य सम्पन्न भयो ।






## पोषण पैरवी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८१/०२/२६ गते स्वास्थ्य कार्यालय बागलुङको आयोजना, निसीखोला गाउँपालिकाको समन्वयमा पोषण सम्बद्ध सरोकारवालाहरुसंग पोषण पैरवी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। निसीखोला गाउँपालिकाका विषयगत शाखा (स्वास्थ्य, कृषि, पशु, महिला बालबालिका, खानेपानी तथा सर सफाई, शिक्षा), कृषक, विषादि व्यापारी, होटल, मासु व्यवसायि, शिक्षक, विद्यार्थी, जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायत २९ जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सत्र निसीखोला गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक चन्द्रसिं रामजालीको अध्यक्षता, गाउँपालिका अध्यक्ष सुर्य बहादुर घर्तिको प्रमुख आतिथ्यता प्रमुख प्शासकिय अधिकृत जीवन पुन लगायत कार्यपालिका सदस्यहरु लगायतको आथित्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत टोप बहादुर चन्दले गर्नु भएको थियो भने स्वास्थ्य कार्यालय बागलुङकि ज.स्वा. नि. लक्ष्मी शर्माद्वारा कार्यक्रमको सहजिकरण भएको थियो ।






## मातृ तथा पेरिनेटल मृत्यु निगरानी अभिमुखिकरण सम्पन्न

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८१/०२/१० र ११ गते ताराखोला गाउँपालिका तथा गलकोट नगरपालिकामा तहाँ स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारीहरुको सहभागितामा मातृ तथा पेरिनेटल मृत्यु निगरानी बिषयक १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।






## २०८१ जेठ महिनामा स्थानीय तहले सम्पन्न गरेका कार्यक्रमहरु

### गलकोट नगरपालिका

• विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह साथै पोषिलो खाना प्रदर्शनी कार्यक्रम सम्पन्न ।

• दोश्रो चरणको घरघरमा जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सञ्चालन

• पोषण लेखाजोखा कार्यक्रम अन्तर्गत ५ बर्ष मुनिका सबै बालबालिकाको पोषण स्थितिको पहिचान, परामर्श, उपचार र प्रेषण गरिएको ।

• गर्भवति महिलाका लागि नियमित ग्रामिण भिडियो एक्स रे सेवा प्रदान गरिएको

• पुर्ण खोप सुनिश्चित नगर घोषणा तथा पूर्णखोप दिगोपनाका लागि स्वास्थ्यकर्मीहरुको १ दिने गोष्ठि सम्पन्न

### काठेखोला गाउँपालिका

• IPV खोप सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरि आइ पि भी खोप अभियान २०८०।०८१ संचालन

• सायना प्रेस सेवा संचालन तथा विस्तार सम्बन्धी कार्यक्रम संचालन

• पुर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा तथा खोप दिगोपनाका लागि स्वास्थ्यकर्मीहरुका लागि गोष्ठी सम्पन्न

• अपांगता भएका व्यक्तिहरुको अनुगमन तथा सुपरिवेक्षण गरिएको • जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रमहरु सबै वडाहरुमा संचालन गरी नसर्ने रोगहरुको स्क्रिनिङ गर्ने कार्यक्रम संचालन गरीएको

• विद्यालय स्वास्थ्य कार्यक्रम विद्यालयहरुमा संचालन गरीएको

• गाउँपालिकाका ५२ जना दिर्घ रोगीहरुलाई मासिक ५०००।- का दरले औषधि उपचार शोध भर्ना रकम भुक्तानी गरिएको

• निःशुल्क औषधि खरिद गरी स्वास्थ्य संस्थाहरुमा वितरण गरीएको

• डेङ्गु नियन्त्रण तथा रोकथामका लागि गलकोट नगरपालिका २ मा सरोकारवालाका लागि अभिमुखिकरण र खोज र नष्ट गर अभियान सञ्चालन

• दुदिलाभाटीमा ४० देखि ६० बर्षका १९५ जनाको नसर्ने रोगको स्क्रिनिङ (RBS, TG, TC, Urea, Creatinine, Uric acid, GOT, GPT) परामर्श र बिशेषज्ञ सेवा प्रदान गरिएको

• मनेवा राजमार्ग आपतकालिन स्वास्थ्य सेवा इकाई स्थापना तथा नसर्ने रोगको स्क्रिनिङ मार्फत ६३ जनाको परीक्षण, परामर्श र बिशेषज्ञ सेवा प्रदान गरिएको

## बडिगाड गाउँपालिका

• जलजला स्वास्थ्य चौकी र दगातुन्डाडा स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड (MSS )

• जनता संग पालिका अध्यक्ष निशुल्क स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी महिलाको परिवार र मुटु रोगहरुको निशुल्क स्वास्थ्य विमा

• स्वास्थ्य संस्थाहरुमा IMNCI को onsite coaching संचालन

• स्वास्थ्यकर्मीहरुलाई सायना प्रेस सम्बन्धिorientation

• IPV खोप अभियान सम्पन्न

• सबै वडाहरुमा पुर्ण खोप सुनिश्चतता तथा दिगोपना वडा घोषणा कार्यक्रम सम्पन्न

• एकिकृत ग्रामिण मोवाईल स्वास्थ्य सेवा कार्यक्रम संचालन जसमाः - गर्भवतिहरुको भिडियो एक्सरे सेवा - ANC package जॉच - परिवार योजना सेवा - संकास्पद बिरामीहरुको खकार नमुना संकलन - जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण - २ वर्षमुनिका बालबालिकाहरुको तौल अनुगमन - नसर्ने रोगहरुको Screening - समुदायमा स्वास्थ्य शिक्षा - स्वास्थ्य जॉच तथा उपचार - आखा परिक्षण एंव उपचार - VIA

## बरेङ गाउँपालिका

• सुखौरा र धुल्लुबाँस्कोट स्वास्थ्य चौकीमा बिषादी रहित खाद्य सुरक्षा तथा पोषण प्रबर्द्धन सम्बन्धी अभिमुखिकरण

• बाटाकाचौर स्वास्थ्यचौकीमा बृहत निशुल्क स्वास्थ्य शिविर

## ढोरपाटन नगरपालिका

• IPV खोप अभियान सम्पन्न गरियो

• समुदायस्तरमा क्षयरोगको सक्रिय खोजपडाल

• सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको पुनर्ताजगि तालिम सम्पन्न

• पालिका स्तरमा आगामी वर्षको योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

• प्रजनन स्वास्थ्य रुग्णता कार्यक्रम सम्पन्न

• किशोरकिशोरिहरुलाई आईरन वितरण कार्यक्रम

• विद्यालयमा जुकाको औषधि वितरण

## जैमिनी नगरपालिका

• पूर्ण खोप दिगोपना सुनिश्चितता नगरपालिका प्रमाणिकरण घोषणा

• IPV खोप कार्यक्रम संचालन

• स्वास्थ्यकर्मी तथा बिध्यालयका स्वास्थ्य शिक्षक वा पोषण फोकल शिक्षकको लागि अभिमुखिकरण

• जैदी स्वास्थ्य चौकीमा MSS अभिमुखिकरण तथा मुल्यांकन

• वडास्तरिय पोषण तथा खाद्य निर्देशक समितिको लागि अभिमुखिकण

• सबै बिद्यालयमा बिद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि स्वास्थ्य शिक्षा संचालन

• सबै वडामा सुनौला १००० दिनका आमा तथा बच्चाको लागि पोषण प्रर्दशनि कार्यक्रम संचालन

• बिद्यालयका ३-५ बर्षका बालबालिकाको लागि पोषण लेखाजोखा • बिद्यालयका किशोरीको रक्तअल्पताको जॉच

• सबै वडाका गर्भवतिको लागि अण्डा दिने २ वटा पोथि कुखुरा बितरण

• दमेक स्वास्थ्य चौकीमा फेयर मेड/ बिवाईसिको सहयोगमा MNH on-site coaching संचालन

## बागलुङ नगरपालिका

• पुर्ण खोप सुनिस्चित पालिका घोषणा

• खानेपानी तथा खाद्यय निगरानी सम्बन्धी सरोकारवाला हरु बिच अन्तर्कृया

• Dengue रोग नियन्त्रण तथा रोक्थाम सम्बन्धी सरोकारवाला बिच अन्तर्कृया

• बिध्यालय स्वास्थ्य तथा पोषण सप्ताह

• जेष्ठ नागरिक स्वास्थ्य परिक्षण

• पोषण मैत्री स्वास्थ्य सस्था अभिमुखिकरण

• साग्दी, लुगरुङ र गंडेल सामुदायिक स्वास्थ्य इकाई मा पोषण कर्नर स्थापना
• सल्यान, सुखौरा र धुल्लुबाँस्कोट स्वास्थ्यचौकीमा गर्भवती महिलाहरुको निशुल्क भिडियो एक्स रे
• धुल्लुबाँस्कोटमा समुदाय स्तरीय क्षयरोग सम्बन्धी अभिमुखिकरण र घरदैलो खोजपड्ताल
• हुग्दिशिर स्वास्थ्यचौकी र गंडेल सामुदायिक स्वास्थ्य इकाइमा क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण र अनुगमन
• सुखौरा र धुल्लुबाँस्कोट स्वास्थ्यचौकीमा बालरोगको एकीकृत व्यबस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण।
• धुल्लुबाँस्कोटमा समुदाय स्तरीय कुष्ठरोग सम्बन्धि अभिमिखिकरण र नमुना संकलन
• सुखौरा र सल्यान स्वास्थ्यचौकीमा स्वस्थकर जीवनशैली र योगा सम्बन्धी अभिमुखिकरण
• हुग्दिशिर स्वास्थ्यचौकी, धुल्लुबाँस्कोट स्वास्थ्यचौकी, सुखौरा स्वास्थ्यचौकी र हुग्दिशिर सामुदायिक स्वास्थ्य इकाई मा पोषण कार्यक्रमको स्थलगत अनुशिक्षण र RDQA
• स्वास्थ्य सस्था ब्यबस्थापन तथा सन्चालक समिती क्षमता अभिबृदी तालिम
• IPV अभियान सन्चालन
• स्वास्थ्य कार्यक्रमहरुको मासिक समिक्षा

## ताराखोला गाउँपालिका

• समूह, स्वास्थ्य संस्था र पालिका स्तरिय मासिक समिक्षा बैठक सम्पन्न
• IPV खोप अभियान सम्पन्न गरियो
• RUSG सबै स्वास्थ्य संस्थामा सम्पन्न भएको
• सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको पुनर्ताजिगि तालिम सम्पन्न
• वडा, पालिका र प्रदेश स्तरमा आगामी वर्षको योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न।

## निसीखोला गाउँपालिका

• विवरण प्राप्त हुन नसकेको ।

## तमानखोला गाउँपालिका

• विवरण प्राप्त हुन नसकेको ।

